# तँाजाकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
### मैला, हुम्ला
### ६ नं. प्रदेश, नेपाल

## IT Officer सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७४/१०/१६)**

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP), कार्यक्रम समन्वय इकाई, सिंहदरवार, काठमाण्डौको प.सं. ०७४/७५, च.नं. १२७, मिति २०७४/०७/१७ गतेको सूचना प्रविधि अधिकृतको सेवा करारमा लिने सम्बन्धी पत्रानुसार यस गाउँपालिकाको लागि देहाय बमोजिमको शर्तहरुको अधीनमा रही **सूचना प्रविधि अधिकृत** (**IT Officer**) सेवा करारमा लिनु पर्ने भएकोले इच्छुक उम्मेदवारले यस गाउँ कार्यपालिकाको कार्यालयमा रितपुर्वक दरखास्त दिनु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

१. **आवेदन दिने अन्तिम मिति :-** यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समय भित्र साथै अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोली पल्ट कार्यालय समय भित्र ।

२. **शैक्षिक योग्यता :-** लोक सेवा आयोगद्धारा लिइने कम्प्युटर अधिकृत पदको न्युनतम शैक्षिक योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information & Communication Technologies वा सो सरहको विषयहरु मध्ये कुनै एक विषय लिई स्नातक (BIT, BIM, BBIS, BCA, BCIS, BEIT, BSc. IT, BSc CSIT) को उपाधि हासिल गरेको वा BE Electronics & Communication Engineering तथा BTech Electronics & Communication Engineering मा स्नातक उतीर्ण गरेको ।

३. **सूचना प्रविधि अधिकृतको कार्य शर्तको विवरण** (TOR) : २०७४/०३/२८ गतेको स्वीकृत सचिव स्तरीय निर्णयमा उल्लेख भए बमोजिम हुनेछ । यस सम्बन्धमा विस्तृत जानकारीको लागि **www.mofald.gov.np** मा गई कार्तिक २२ गतेको सूचना हेर्न सकिनेछ ।

४. **संलग्न गर्नुपर्ने कागजातहरु** :- व्यक्तिगत विवरण (Bio-Data), नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, अनुभवका प्रमाणपत्रहरु ।

५. **आवेदन दिने तरिका** :- बुँदा नं. ४ मा उल्लेख भएका कागजातहरु एवं बुँदा नं. ७ मा तोकिएको शुल्क राष्ट्रिय बाणिज्य बैंक, सिमकोट हुम्ला स्थित यस कार्यालयको नाममा रहेको मूल संचितकोष खाता नं. ४१९०३०४०१८१०८ मा जम्मा गरी जम्मा भएको भौचर संलग्न राखी हुलाक, इमेल वा स्वयं उपस्थित भई तोकिएको म्याद भित्र आवेदन दिने ।

६. **परीक्षको किसिम :-** मौखिक अन्तरवार्ता

७. **आवेदन शुल्क** :- रू. १०००/- (एक हजार रुपैयाँ मात्र)

८. **उमेर :-** पुरुषको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

९. **उम्मेदवार छनौटका आधारहरु देहाय बमोजिम हुनेछन् :-**

| क.सं. | सूचकहरु | पूर्णाङ्क |
|---|---|---|
| १. | शैक्षिक योग्यता | ३० |
| २. | कार्य अनुभव (सूचना अनुसार न्यूनतम शैक्षिक योग्यता हासिल गरे पश्चात्) | ४० |
| ३. | उम्मेदवारको स्थायी ठेगाना | २० |
| ४. | २ वर्ष भन्दा माथि स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रममा ICT Volunteer वा Expert वा अन्य कुनै सामुदायिक विकास कार्यक्रममा सूचना प्रविधि अधिकृतको रुपमा कार्य गरेको | १० |

१०. **तलब स्केल** :- स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) ले तोके बमोजिम तलब स्केल रु.४०,०००।- र भत्ता रु.७,५००।- गरी जम्मा रु.४७,५००।-(सतचालीस हजार पाँच सय मात्र)

११. **करार अवधि** :- २०७५ साल असार मसान्त सम्म हुनेछ ।

१२. **थप जानकारीको लागि ठेगाना:** ९८५८४२६३३३, ९८५११११९२९२ **sarkibishnu43@gmail.com** साथै **LGCDP** प्रादेशिक सहयोग इकाई सुर्खेतको ९८५५०६२१३५, **provincesurkhet@gmail.com,** **birendraparajuli@gmail.com** मा समेत सम्पर्क गर्न सकिनेछ ।

१३. सूचनामा उल्लेख भए वाहेकका अन्य कुराहरु प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा रहेको उम्मेदवार छनौट तथा सिफारिस समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

नोट :- क) म्याद नाघि प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन ।
ख) आवेदन परेका मध्येबाट छोटो सुचि प्रकाशन पश्चात परीक्षाको मिति तोकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**